प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहको नियमित/आंशिक परीक्षा २०८२ को स्थगन तथा जली नष्ट भएको कारण पूनः संचालन हुने परीक्षा तालीका सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः २०८२।०६।३१ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति २०८२।०३।२३ गते प्रकाशित परीक्षा तालिका बमोजिम डिप्लोमा तथा प्रमाणपत्र तहका बार्षिक परीक्षा प्रणालीका प्रथम, दोस्रो, तेस्रो बर्ष, प्रथम बर्ष दोस्रो खण्ड, दोस्रो बर्ष दोस्रो खण्ड र तेस्रो बर्ष दोस्रो खण्डका नियमित/आंशिक र मिति २०८२।०४।१६ गते प्रकाशित परीक्षा तालिका बमोजिम प्रि-डिप्लोमा तहका १८ महिने कार्यक्रम अन्तर्गत (१२+६) महिना अवधिका बिभिन्न कार्यक्रमहरुका परीक्षाहरु संचालन हुदै आएकोमा मिति २०८२।०५।२४ गते देखि मिति २०८२।०५।२७ गते सम्मका परीक्षाहरु स्थगन गरिएका र सो भन्दा अगाडिका मितिमा संचालन भएका बिभिन्न परीक्षाहरुको उत्तरपुस्तिकाहरु सुरक्षाका लागि प्रहरी कार्यालयहरुमा रहेकोमा मुलुकमा उत्पन्न भएको बिषम परिस्थितिका कारण प्रहरी कार्यालयहरु आगजनीमा परी उक्त परीक्षाका नष्ट भएका उत्तरपुस्तिकाहरुको पूनः परीक्षा संचालन गर्ने परीक्षा समितिको मिति २०८२।०६।१० गतेको निर्णयानुसार स्थगन गरिएका परीक्षाहरु मिति २०८२।०७।३० गते देखि र जलेर नष्ट भएका उत्तरपुस्तिकाहरुको पूनः परीक्षा मिति २०८२।०८।०४ गते देखि परीक्षा तालिका बमोजिम संचालन हुने व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। नष्ट भएका उत्तरपुस्तिकाहरुको विस्तृत विवरण मिति २०८२।०६।०९ गते प.नि.का.को वेवसाइट www.ctevtexam.org.np मा प्रकाशित गरिएको छ। साथै उक्त परीक्षाहरु परीक्षा तालिका बमोजिम **बिहान ७:०० बजे देखि** नै संचालन हुने व्यहोरा समेत अनुरोध छ।

**बिस्तृत परीक्षा तालिका www.ctevtexam.org.np मा हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**